# व्यक्तिगत डाटा संरक्षण नीति – २०८२

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

ई-गभर्नेन्स बोर्ड

२०८२

१. पृष्ठभूमि ........ १

२. विगतका प्रयास........ १

३. वर्तमान अवस्थाको समिक्षा ........ २

४. समस्या, चुनौती तथा अवसर........ ३

५. नीतिको औचित्य ........ ४

६. नीति मार्गदर्शन........ ४

७. दिर्घकालिन सोच र लक्ष्यः ........ ५

८. उद्देश्य ........ ५

९. नीतिहरू ........ ५

१०. रणनीति........ ६

११. कार्यनीति ........ ८

१२. संस्थागत व्यवस्था ........ १०

१२.१ निर्देशक समिति ........ १०

१२.२ निर्देशक समितिको काम, कर्तव्य र अधिकार........ ११

१२.३ डाटा संरक्षण बोर्डको स्थापना........ ११

१३. स्रोत साधन सम्बन्धी व्यवस्था :........ १२

१३.१ आर्थिक पक्षः........ १२

१३.२ मानव संसाधन........ १२

१३.३ कानुनी पक्ष........ १२

१४. अन्तर नीति समन्वय........ १२

१५. अन्तर निकाय/ तह समन्वय ........ १३

१६. जोखिम........ १३

१७. नीति अनुगमन........ १३

१८. समिक्षा तथा पुनरावलोकन ........ १३

## १. पृष्ठभूमि

नेपालको संविधानमा मौलिक हक अन्तर्गत सूचना र गोपनीयताको हक लगायतका अधिकारलाई सुनिश्चित गरिएको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४, राष्ट्रिय तथ्याङ्क ऐन, २०७९ र वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ले डाटा संरक्षण सम्बन्धी केही व्यवस्था गरेको छ । नेपाल सरकारका नीति तथा कार्यक्रम र सोह्रौं पञ्चवर्षीय योजनामा एउटै विवरण एकपटक मात्र सङ्कलन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने; अन्तरआवद्धताको लागि डाटा एक्सचेन्ज प्लेफर्मको स्थापना र सञ्चालन गर्ने विषय उल्लेख गरेको छ । अतः संवैधानिक, नीतिगत तथा कानुनी प्रावधान अनुसार नागरिकको डाटा सम्बन्धी अधिकारको संरक्षण गर्दै व्यक्तिगत डाटा व्यवस्थित रुपमा प्रयोग गर्न आवश्यक  देखिएको छ। तसर्थ डाटाको दुरुपयोगलाई नियन्त्रण गर्दै डाटामा नागरिकको स्वामित्त्व, अधिकार र पहुँच सुनिश्चित गर्न व्यक्तिगत डाटाको संरक्षण लगायतका विषयमा छुट्टै नीति तथा कानुनको आवश्यकता देखिएको छ।

दिगो विकास लक्ष्य, नेपालको विकासशील राष्ट्रमा स्तरोन्नती, अन्तर्राष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन लगायतका क्षेत्रमा डाटाको महत्त्वपूर्ण भूमिका रही आएको छ । नेपाल सरकारले सूचना प्रविधिको प्रयोग र प्रमाणमा आधारित नीति निर्माण गरिने कुरालाई राष्ट्रिय विकासको रणनीतिको रुपमा अङ्गीकार गरेको छ ।

द्रुत गतिमा भएको सूचना प्रविधिको विकास र विस्तारले  सरकारका सबै निकाय र व्यवसायिक क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढदै गएको पाइन्छ । व्यक्तिको सम्पुर्ण जानकारी सरकारी निकाय तथा अन्य संस्थाले समेत राख्दै आएका छन र यसको बारेमा स्वयं व्यक्ति समेत जानकार रहन आवश्यक छ । नागरिकले आफ्नो निजत्व, व्यक्तित्व, स्वास्थ्य, सम्पत्ति, तथ्याङ्क, लिखत र सम्बन्धको अनावश्यक खुलासाबाट उत्पन्न हुने स्थितिको व्यवस्थापन गर्न तथा आवश्यकताका आधारमा उपभोग गर्नका लागि समेत व्यक्तिगत डाटा संरक्षण नीतिको आवश्यकता रहेको छ ।

## २. विगतका प्रयास

मुलुकी ऐन, २०२० मा प्रष्ट रूपमा “सोह्र बर्ष नपुगेको नाबालकको र उमेर पुगेका भएपनि कुनै किसिमको रोगले होस-ठेगानमा नभएका वा बौलाएका मानिस समेतको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज लिनु गराउनु हुदैन” भन्ने उल्लेख गरेकोले व्यक्तिको डाटाको सुरक्षा गर्ने विषयलाई उठान गरेको प्रष्ट हुन्छ । यस्तै नेपालको संविधान २०४७ को धारा २२ मा गोपनियताको हकको व्यवस्था गरिएको थियो। विद्युतीय तथ्याङ्क आदान—प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको श्रृजना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण

प्रणालीको मान्यता, सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण तथा नियमित गर्ने व्यवस्था गर्न र विद्युतीय अभिलेखलाई अनधिकृत तवरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानूनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्ने उद्देश्य विद्युतीय कारोबार ऐन, २०६३ मा उल्लेख भएको छ ।

राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यका साथ सूचनाको हक सम्बन्धि ऐन, २०६४ जारी भएको थियो । साविकको मुलुकी ऐनका व्यवस्थाहरुलाई परिमार्जन तथा समसामयिक बनाई मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता संवत् २०७४ साल असोज ३० गते जारी भएका थिए । यी संहितामा सूचना प्रविधिको विकासलाई समेत विचार गरी न्याय प्रशासन तथा सम्पादनलाई आधुनिकीकरण एवम् प्रविधिमैत्री बनाउन र सूचना र प्रविधिको विकासबाट सिर्जित कतिपय कसूरजन्य कार्यलाई समेत कानूनको दायरामा ल्याउने गरी आवश्यक व्यवस्था गरिएको छ ।

संविधानको धारा २८ ले व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रजस्ता सात विषयको गोपनियताको सुनिश्चतता गरेको छ । प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनीयताको हकलाई सम्मानित गर्ने उद्देश्यका साथ गोपनियताको हक सम्बन्धि ऐन, २०७५ जारी भएको थियो । तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष बनाई संघ, प्रदेश र स्थानीय तहको नीति निर्माण, नीति कार्यान्वयन, स्रोत व्यवस्थापन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ तथ्याङ्क ऐन, २०७९ जारी भएको थियो ।

## ३. वर्तमान अवस्थाको समिक्षा

१६ औं पञ्चवर्षीय योजनाले सूचना प्रविधिलाई सार्वजनिक सेवा प्रवाहको लागि महत्वपूर्ण अङ्गको रूपमा लिएको छ । नेपाल सरकारका नीति तथा कार्यक्रममा सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगको कुरालाई प्राथमिकताको साथमा उठान गरिदै आएको छ । सरकारका उक्त नीति तथा कार्यक्रममा मूलतः सञ्चार तथा सूचना प्रविधि एवम् प्रणालीहरूको सुरक्षित र प्रभावकारी प्रयोगका लागि कानूनी र संस्थागत व्यवस्था गरिने र विद्युतीय सुशासन तथा व्यक्तिगत डाटा सुरक्षासम्बन्धी कानून तर्जुमा जस्ता बिषयलाई प्राथमिकता दिएको छ । सूचनाको हक सम्बन्धी

ऐन, २०६४ ले व्यक्तिगत गोपनियतालाई अपवादका क्षेत्रमा राखी सार्वजनिक निकायले संरक्षण गर्नुपर्ने सूचनाको दायराभित्र राखेको विषय भएकोले यसमा समेत बिचार गर्न आवश्यक रहेको छ। तथ्याङ्क ऐन, २०७९ ले तथ्याङ्कको उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणको कुरालाई उल्लेख गरेतापनि यसको सुरक्षाको बिषयमा त्यति प्राथमिकताका साथ उठान गरेको देखिदैन । मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा व्यक्तिको रूपमा मान्यता पाउने र अधिकार प्रयोग गर्ने अधिकारको व्यवस्था गरेको हुनाले सोको सुनिश्चितता गर्ने दायित्व समेत राज्यको हो।

सूचनाको हक र गोपनियताको हक दुवै मौलिक अधिकार हुन् र यी हक एकअर्काका परिपूरक पनि हुन्। व्यक्तिको गोपनीयता सम्बन्धी ऐन, २०७५मा सूचनाको सहमति तथा स्वामित्व, सूचनाको बिषयमाथिको अधिकार, डाटा सुरक्षा, डाटा गभर्नेन्स, सूचनाको साझेदारी तथा अन्तरदेशीय स्थानान्तरण, सूचनाको प्रशोधनमा तेस्रो पक्षको संलग्नता, सरकारी निकायको उत्तरदायित्व तथा निष्ठा, नियामक निकायको गठनको बिषयमा प्रष्ट धारणा देखिदैन । माथि उल्लिखित व्यक्तिको सुरक्षामा अपनाउनु पर्ने सम्पुर्ण बिषयवस्तुलाई सम्बोधन गर्न यो नीति आवश्यक देखिएको छ।

## ४. समस्या, चुनौती तथा अवसर

**समस्या**

(क) व्यक्तिको डाटामा स्वामित्व र उपयोगको सम्बन्धमा आधिकारिक स्पष्टता नहुनु,

(ख) विश्वको बदलिदो परिवेश अनुरूप प्रविधिको प्रयोगलाई रुपान्तरण गरी नयाँ प्रविधि तथा संरचनामा रुपान्तरण गर्न आवश्यक प्राविधिक तथा आर्थिक क्षमता नहुनु,

(ग) व्यक्तिको डाटा पूर्ण रूपमा डिजिटल माध्यममा राख्न नसक्नु,

(घ) सामाजिक सञ्जालमा उपलब्ध व्यक्तिको डाटाको दुरुपयोगको न्यूनीकरण गर्न नसक्नु,

(ङ) व्यक्तिगत डाटा संरक्षणको महत्व तथा बुझाई कम हुनु,

(च) व्यक्तिले आफ्नो डाटाको सुरक्षा प्रत्याभूति गर्ने, संकलित डाटाको पूर्ण नियमन गर्ने कानुनी व्यवस्था, पूर्वाधार तथा संस्थागत संरचनाको कमि हुनु ।

(छ) विषयगत क्षेत्रमा भिन्न डाटा रजिष्ट्रि नहुनु।

**चुनौती**

(क) व्यक्तिको डाटा संकलन, भण्डारण, स्थानान्तरण र सुरक्षामा एकीकृत तथा प्रभावकारी संस्थागत संरचनाहरु तय गर्नु,

(ख) व्यक्तिगत डाटा संकलन, भण्डारण, साझेदारी र स्थानान्तरण गर्दा सूचना प्रविधि प्रणालीहरुको जोखिम विश्लेषण तथा व्यवस्थापन गर्ने स्पष्ट नीति तय गर्नु,

(ग) व्यक्तिगत डाटाको संरक्षणको अपरिहार्यता र आवश्यकतालाई आत्मसात  गराउनु,

(घ) खुला शासन र नागरिकको व्यक्तिगत डाटाको सुरक्षाका बीचमा तादम्यता र सन्तुलन कायम गर्नु,

(ङ) प्राविधिक क्षेत्रमा पर्याप्त स्रोत र साधनको व्यवस्था गर्नु,

(च) सुरक्षित रुपमा अन्तर्राष्ट्रिय डाटा आदानप्रदान गर्नु,

(छ) विद्यमान कानुनी व्यवस्थाबीचमा सामञ्जस्यता कायम गर्नु ।

## ५. नीतिको औचित्य

प्रचलित कानुनी दस्तावेजहरुले डाटा संरक्षण सम्बन्धी व्यवस्था समेट्न नसकेको र डाटाको स्वामित्व, स्थानान्तरण, उपयोग लगायतका विषयमा डाटा शासन(Data Governance)लाई संस्थागत गर्दै डाटाको संरक्षणलाई उपयोगितामा आधारित बनाउन व्यक्तिगत डाटा संरक्षण नीतिको आवश्यकता रहेको छ।

## ६. नीति मार्गदर्शन

### नीति निर्माणका आधारहरु

नीति निर्माणका निम्न मार्गदर्शक सिद्धान्तहरु अवलम्बन गरिएका छन् ।

(क) नेपालको संविधान र प्रचलित ऐन कानूनहरु,

(ख) नेपाल सरकारद्वारा जारी व्यक्तिगत डाटा संरक्षण र अधिकारसँग सरोकार राख्ने नीति, कार्यनीति र प्रतिवद्धताहरू,

(ग) संयुक्त राष्ट्रसङ्घले स्थापित गरेको व्यक्तिगत डाटा संरक्षण र अधिकारसँग सम्बन्धी मान्यता र सिद्धान्तहरू,

(घ) राज्यले गरेका द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौताहरू,

(ङ) डाटाको स्थानान्तरण र साझेदारी,

(च) कानुनी स्वच्छता र पारदर्शिता,

(छ) डाटा उपयोगमा व्यक्तिको स्वीकृति,

(ज) डाटा उपयोगमा सुरक्षा र संरक्षण ,

(झ) दिगो विकास लक्ष्य तथा नेपालको विकासशील मुलुकमा स्तरोन्नती ।

## ७. दूरदृष्टि, ध्येय र लक्ष्यः

**दूरदृष्टिः**

सुरक्षित डाटा गभर्नेन्स

**ध्येयः**

व्यक्तिगत डाटा संरक्षणको सुनिश्चिततासहित डाटा गभर्नेन्स

**लक्ष्यः**

१. व्यक्तिगत डाटा संकलन, भण्डारण, प्रशोधन, स्थानान्तरण, आदानप्रदान र विसर्जनमा डाटा संरक्षणको सुनिश्चितता गर्ने,

२. व्यक्तिगत डाटाको सुरक्षित उपयोग र साझेदारी गर्ने,

३. डाटा संरक्षणका मापदण्डहरु परिपालना गर्दै डाटा गभर्नेन्सको विकास गर्ने,

## ८. उद्देश्य

(क) व्यक्तिगत डाटा सङ्कलन, भण्डारण, प्रशोधन, आदानप्रदान तथा विसर्जनका लागि कानून तर्जुमा र संस्थागत व्यवस्थाको आधार तयार गर्नु ।

(ख) डाटा संकलन देखि विसर्जनसम्मका कार्यमा स्पष्ट उद्देश्य उल्लेख गरी सम्बन्धित व्यक्तिको सहमतिको सुनिश्चितता गर्नु,

(ग) डाटामा सहज पहुँच स्थापना गरी स्थानान्तरण, आदानप्रदान, आद्यावधिक र विसर्जनमा व्यक्तिको अधिकार सुनिश्चित गर्नु,

(घ) व्यक्तिगत डाटालाई अनधिकृत प्रयोग तथा पहुँचबाट सुरक्षित राख्न सूचना सुरक्षा प्रणाली विकास गर्नु,

(ङ) डाटा संरक्षणका मापदण्डहरु परिपालना गर्दै डाटा गभर्नेन्समा सरोकारवालाको भूमिका स्पष्ट गर्नु ।

## ९. नीतिहरू

९.१ व्यक्तिगत डाटा संकलन देखि विसर्जनका लागि कानुनी र संस्थागत व्यवस्था गरिनेछ,

९.२ व्यक्तिगत डाटा संकलन देखि विसर्जन गर्दा व्यक्तिको अधिकारको प्रयोग, सहमति र स्वामित्व समेतका प्रक्रिया निर्धारण तथा पहिचान सम्बन्धी आवश्यक व्यवस्था गरिनेछ,

९.३ डाटा संकलनदेखि विसर्जनसम्मका प्रक्रियामा सरोकारवालाको भूमिका, जिम्मेवारी र दायित्व निर्धारण गरिनेछ,

९.४ व्यक्तिगत डाटालाई सुरक्षित राख्नको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रयोगमा आएका सुरक्षाका मापदण्डहरु पालना गर्दै व्यक्तिगत डाटा दुरुस्त, पहुँचयोग्य एवम् सुरक्षित बनाइनेछ,

९.५ व्यक्तिको डाटा संकलन देखि विसर्जन गर्दाको सम्पुर्ण कार्य तथा प्रकृया कानून बमोजिम भएको सुनिश्चितता गरिने तथा अनाधिकृत डाटा उल्लघंन भएको अवस्थालाई कानुनी दायरमा ल्याइनेछ।

## १०. रणनीति

**नीति ९.१ सँग सम्बन्धित** (व्यक्तिगत डाटा संकलन, भण्डारण, प्रशोधन, आदानप्रदान तथा विसर्जनका लागि कानुनी र संस्थागत व्यवस्था गरिनेछ)

१०.१ व्यक्तिगत डाटा संरक्षण सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन समेतका आधारमा विद्यामान कानूनको पुनरावलोकन गरी नयाँ कानुन तर्जुमा गरिनेछ।

१०.२ व्यक्तिगत डाटा संरक्षणका लागि संस्थागत व्यवस्था गरिनेछ।

**नीति ९.२ सँग सम्बन्धित** (व्यक्तिगत डाटा संकलन, भण्डारण, प्रशोधन, स्थानान्तरण, आदानप्रदान तथा विसर्जन गर्दा व्यक्तिको अधिकारको प्रयोग, सहमती र स्वामित्व समेतका प्रक्रिया निर्धारण तथा पहिचान सम्बन्धी व्यवस्था गरिनेछ ।)

१०.३ सरकारी निकाय तथा अन्य संघसंस्थाले व्यक्तिगत डाटा संकलन गर्दा प्रयोगको उद्देश्य खुलाई सोही उद्देश्यका लागि मात्र व्यक्तिगत डाटा संकलन गर्ने व्यवस्था मिलाइनेछ।

१०.४ व्यक्तिगत डाटा संकलन देखि विसर्जन गर्दा सम्बन्धित व्यक्तिको सहमति लिने व्यवस्था मिलाइनेछ।

**नीति ९.३ सँग सम्बन्धित** (डाटा संकलनदेखि विसर्जनसम्मका प्रक्रियामा सरोकारवालाको भूमिका, जिम्मेवारी र दायित्व निर्धारण गरिनेछ।)

१०.६ न्यूनतम डाटा मात्र संकलन गर्ने व्यवस्था गरी संकलकले डाटा राख्न पाउने समयावधि र प्रक्रिया सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ,

१०.७ व्यक्तिगत डाटाको पूर्ण सुरक्षणका लागि सरोकारवालाहरुको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्पष्ट गरिनेछ,

१०.८ व्यक्तिगत डाटाको संकलनदेखि विसर्जनसम्मको कार्यको निरीक्षण तथा अनुगमन र डाटा अडिट (Data Audit) प्रतिवेदन गर्न संस्थागत व्यवस्था गरिनेछ,

१०.९ तोकिएको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको उल्लघंनलाई दण्डनीय बनाइनेछ,

**नीति ९.४ सँग सम्बन्धित** (व्यक्तिगत डाटालाई सुरक्षित राख्नको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रयोगमा आएका सुरक्षाका मापदण्डहरु पालना गर्दै व्यक्तिगत डाटा दुरुस्त, पहुँचयोग्य, सुरक्षित बनाइनेछ)

१०.१० व्यक्तिगत डाटा सुरक्षित गर्नको लागि सुरक्षा मापदण्ड (सुरक्षण गर्ने प्रक्रियाको रूपरेखा, भण्डारण, प्रयोग, स्थानान्तरण) तयार गरिनेछ,

१०.११ अन्तर्राष्ट्रिय मानक समेतका आधारमा व्यक्तिगत डाटा आदान प्रदान मापदण्ड तर्जुमा गरिनेछ,

१०.१२ व्यक्तिको संवेदनशिल डाटाको पहुँचमा बहुपक्षीय प्रमाणीकरण (Multifactor Authentication) र Notification विधि अवलम्बन् गरिनेछ,

१०.१३ डाटालाई पूर्ण रूपमा सुरक्षित गर्नको लागि Encryption प्रणाली, डाटाको दोहोरो कपी(HA, backup, replication), भौतिक सुरक्षा लगायत अन्य विधि/प्रविधिको व्यवस्था मिलाइनेछ,

**नीति ९.५ सँग सम्बन्धित** (व्यक्तिको डाटा संकलन, प्रशोधन तथा नष्ट गर्दाको सम्पुर्ण कार्य तथा प्रकृया निष्ठापुर्वक भएको सुनिश्चितता गरिने तथा अनाधिकृत डाटा उल्लघंन भएको अवस्थालाई कानुनी दायरमा ल्याइनेछ)

१०.१४ व्यक्तिको डाटा संकलन देखि विसर्जन गर्दा व्यक्ति र संस्थालाई जवाफदेही र जिम्मेवार बनाइनेछ,

१०.१५ परिक्षक समुह गठन गरी सम्पादित कार्यहरुको कानून बमोजिमको आवश्यक परिक्षण गरिनेछ,

## ११. कार्यनीति

**नीति ९.१** व्यक्तिगत डाटा संरक्षणका लागि कानुनी र संस्थागत आवश्यकताको पहिचान गरिनेछ **(रणनीति १०.१ – १०.२) संग सम्बन्धित**

११.१ व्यक्तिगत डाटा संरक्षण ऐन तर्जुमा गरी लागु गरिनेछ ।

११.२ विद्यमान कानुनमा भएका व्यक्तिगत डाटासँग सम्बन्धित व्यवस्थालाई यस नीतिमा भएका व्यवस्थाहरुसँग तादम्यता हुने गरी अद्यावधिक गरिनेछ।

११.३ देशभित्र र देश बाहिर स्थानान्तरण गरिएका व्यक्तिगत डाटा तथा सूचनाको अभिलेख राख्ने कानुन व्यवस्था गरिनेछ ।

११.४ डाटा संरक्षण बोर्डको स्थापना गरिनेछ ।

११.५ डाटा संकलक, संरक्षक, प्रशोधक तथा प्रयोगकर्ता संस्थाहरुको संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

११.६ डाटा संकलक, संरक्षक, प्रशोधक तथा प्रयोगकर्ताको रूपमा कार्य गर्ने संस्थामा डाटा संरक्षक अधिकारी तोक्ने व्यवस्था मिलाइनेछ

**नीति ९.२** व्यक्तिगत डाटा संकलन, भण्डारण, प्रशोधन, स्थानान्तरण, आदानप्रदान तथा विसर्जन गर्दा व्यक्तिको अधिकारको प्रयोग, सहमती र स्वामित्व समेतका प्रक्रिया निर्धारण तथा पहिचान सम्बन्धी व्यवस्था गरिनेछ **(रणनीति १०.३ – १०.५) संग सम्बन्धित**

११.९ व्यक्तिगत डाटाको प्रयोजनमा आधारित डाटा वर्गीकरण जस्तैः अति गोप्य, गोप्य, वायोमेट्रिक जस्ता डाटाको लागि छुट्टा-छुट्टै ढाँचा निर्माण गरी लागु गरिनेछ ।

११.१० व्यक्तिगत डाटाको धनी, संकलक, संरक्षक तथा डाटा प्रशोधन गर्ने व्यक्ति तथा संस्थाको अधिकार र जिम्मेवारी कानुनमा तोकिनेछ ।

११.११ व्यक्तिगत डाटा संकलन तथा संशोधनको प्रयोजनको सूचना सम्बन्धित व्यक्तिलाई संकलन पूर्व नै स्पष्ट रूपमा जानकारी दिने व्यवस्था मिलाइनेछ ।

११.१२ नावालक, शारिरीक तथा मानसिक रुपमा अक्षमको हकमा कानूनी अधिकार प्राप्त व्यक्तिमार्फत डाटा संकलनदेखि विसर्जनसम्मका प्रक्रिया र उद्देश्यको जानकारी गराइनेछ ।

११.१३ डाटा धनीको सहमतिबिना डाटा परिमार्जन, स्थानान्तरण, आदानप्रदान गर्ने कार्यलाई कसुर र सजायको व्यवस्थासहित कानुनी दायरामा ल्याइनेछ ।

११.१४ डाटा संकलन देखि विसर्जन सम्बन्धी कार्य गर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार सम्बन्धित डाटा धनीसंग रहने व्यवस्था गरिनेछ ।

११.१५ राष्ट्रिय सुरक्षा लगायतका संवेदनशिल एवम् सार्वजनिक चासोका अवस्थामा बाहेक व्यक्तिले चाहेको समयमा विनाकुनै रोकटोक आफ्नो डाटामा पहुँच, डाटा संकलन, प्रशोधन, परिमार्जन, प्रयोग र विसर्जन गर्न पाउने अधिकार कानुनमा व्यवस्था गरिनेछ ।

**नीति ९.३** डाटा संकलनदेखि विसर्जनसम्मका प्रक्रियामा सरोकारवालाको भूमिका, जिम्मेवारी र दायित्व निर्धारण गरिनेछ **(रणनीति १०.६ — १०.९) संग सम्बन्धित**

११.१६ प्रयोजनका आधारमा व्यक्तिगत डाटा संकलन गर्दा न्यूनतम रुपमा आवश्यक पर्ने डाटा मात्र संकलन गर्ने व्यवस्था गरिनेछ ।

११.१७ व्यक्तिगत डाटा संकलन सम्बन्धी कानुनमा डाटा संकलक र प्रशोधनकर्ताले डाटा राख्न पाउने समयावधि आवश्यकतानुसार व्यवस्था गरिनेछ ।

११.१८ व्यक्तिगत डाटा कानुनसम्मत, निष्पक्ष र पारदर्शीढंगले प्रशोधन गर्ने व्यवस्था मिलाइनेछ ।

११.१९ डाटा संरक्षकले राष्ट्रिय डाटा रणनीतिका अधिनमा रही डाटा संवेदनाशिलताका आधारमा डाटालाई वर्गिकृत गर्न सक्नेछ ।

११.२० डाटा प्रयोगकर्ताको भूमिकाको आधारमा पहुँच निर्धारण गरिनेछ

११.२१ डाटा संकलन, प्रशोधन, भण्डारण, प्रयोग र स्थानान्तरण गर्दा हुने सुरक्षाको जोखिमको न्यूनीकरणका लागि नियामक निकायले अनुगमन गर्नेछ।

११.२२ डाटा व्यवस्थापनको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका असल अभ्यासलाई सरोकारवालाले अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ ।

११.२३ सरोकारवाला निकायले सम्पादन गरेको कार्यको सम्बन्धमा तेस्रो पक्षबाट मूल्याङ्कन गरिनेछ ।

११.२४ डाटा संकलनदेखि विसर्जनसम्मका कार्य र प्रक्रिया उल्लंघन भएमा सम्बन्धित निकाय वा व्यक्तिलाई आवश्यक कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

**नीति ९.४** व्यक्तिगत डाटालाई सुरक्षित राख्नको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रयोगमा आएका सूरक्षाका मापदण्डहरु पालना गर्दै व्यक्तिगत डाटा दुरुस्त, पहुँचयोग्य, सुरक्षित बनाइनेछ **(रणनीति १०.१० — १०.१३) संग सम्बन्धित**

११.२५ व्यक्तिगत डाटा सुरक्षित राख्नको लागि डाटा सुरक्षाका राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, नियम तथा मापदण्डहरू आन्तरिकीकरण गरिनेछ ।

११.२६ डाटाको सुरक्षित भण्डारण तथा आदानप्रदान गर्दा प्रयोगमा आएका असल अभ्यास र मानकलाई आधार बनाइनेछ ।

११.२७ डाटा संकलन प्रकृयादेखि विसर्जनसम्मका सम्पुर्ण प्रकृया तथा प्रणालीमा सूचना सुरक्षाका (Information Security) उपायहरु अवलम्बन गरिनेछ ।

११.२८ व्यक्तिगत पहिचान खुल्ने विवरण हटाई डाटा सार्वजनिक गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

११.२९ नविनतम र विशिष्टिकृत प्रविधिको प्रयोग गरी व्यक्तिगत डाटा भण्डारण गरिएका प्रणाली र सर्भरहरूमा अनाधिकृत पहुँच, शंकास्पद गतिविधि र सम्भावित डाटा उल्लङ्घनका कार्यलाई नियन्त्रण गरिनेछ ।

११.३० सूचना सुरक्षा (Information Security) का विधि र प्रकृयाको बारेमा सरोकारवालालाई क्षमता विकास तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति ९.५** व्यक्तिको सूचना संकलन, प्रशोधन तथा नष्ट गर्दाको सम्पुर्ण कार्य तथा प्रकृया निष्ठापुर्वक भएको सुनिश्चितता गरिने तथा अनाधिकृत डाटा उल्लघंन भएको अवस्थालाई कानुनी दायरमा ल्याइनेछ **(रणनीति १०.१४ – १०.१५) संग सम्बन्धित**

११.३१ कार्यसम्पादन परीक्षणका लागि आवश्यक निर्धारित सूचकको विकास गरिनेछ।

११.३२ डाटा संरक्षक र प्रशोधनकर्तालाई डाटा संकलनको प्रक्रिया, प्रशोधन र संरक्षणमा बढी जिम्मेवार बनाईनेछ ।

११.३३ डाटा प्रशोधनको सहमति बमोजिम तेस्रो पक्षले सबै नियमहरूको पालना गरे नगरेको सुनिश्चित गरिनेछ ।

११.३४ डाटाको सुरक्षा जोखिम र न्युनीकरणको लागि डाटा संरक्षण बोर्डले आवश्यकताका आधारमा अनुगमन गर्नेछ ।

११.३५ अनाधिकृत रूपमा डाटा संकलन र प्रयोग साथै दुरूपयोग गरेको वा भएको पाएमा सो व्यक्ति वा संस्थालाई कानुनी दायरामा ल्याईनेछ।

## १२. संस्थागत व्यवस्था

### १२.१ निर्देशक समिति

यो नीति कार्यान्वयनका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

नेपाल सरकारको मुख्य सचिव — अध्यक्ष

| | |
|---|---|
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| सचिव, गृह मन्त्रालय | सदस्य |
| सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| प्रमुख तथ्याङ्क अधिकारी, राष्ट्रिय तथ्याङ्क कार्यालय | सदस्य |
| सम्बन्धित विज्ञ (१ महिला सहित २ जना) | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, ई-गभर्नेन्स बोर्ड | सदस्य |
| प्रमुख कार्यकारी अधिकृत, डाटा संरक्षण बोर्ड | सदस्य सचिव |

### १२.२ निर्देशक समितिको काम, कर्तव्य र अधिकार

(क) नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

(ख) नीति अन्तर्गत अवलम्बन गरिने प्रणाली, रणनीतिक योजना, action plan, तथा समग्र रुपान्तरण प्रकृयाहरुको प्रभावकारी कार्यान्वयनमा समन्वय, सहजीकरण, अनुगमन तथा मूल्यांकन गर्ने ।

(ग) नीति अन्तर्गत हुने कानुनी सुधार तथा प्रणालीगत सुधारका क्षेत्र पहिचान गरी विभिन्न अध्ययन, अनुसन्धान गर्ने गराउने र भएका काम कारवाहीहरु अन्तर्राष्ट्रिय अनुभव तथा मापदण्ड अनुरुप भए नभएको निर्क्योल गर्ने ।

(घ) नीति पुनरावलोकन र अद्यावधिक गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ङ) यो नीति कार्यान्वयन गर्ने सिलसिलामा आवश्यक अन्य कार्यहरु गर्ने ।

समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

### १२.३ डाटा संरक्षण बोर्डको स्थापना

व्यक्तिगत डाटा संकलनदेखि विसर्जनसम्मको कार्यको नियमन गर्न तथा रणनीति तय गर्नुका साथै **डाटा** संरक्षण नीतिको कार्यान्वयन गर्न **डाटा संरक्षण बोर्ड** स्थापना गरिनेछ । यसका लागि तपसिल बमोजिमको बोर्डको कार्यक्षेत्र रहनेछः

(क) डाटा संकलन देखि विसर्जन सम्मका सम्पुर्ण कार्यमा कानूनमा उल्लेख गरिए

बमोजिमका प्राविधिक प्रकृयाहरू अपनाउने र अपनाउन लगाउने ।

(ख) राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रयोगमा आएका डाटा सुरक्षणको परिपालना गर्ने गराउने ।

(ग) डाटा अडिट सम्बन्धी कार्य गर्ने गराउने तथा आचारसंहिता पालना गराउने ।

(घ) डाटा संरक्षण गर्ने अन्तर्राष्ट्रिय निकायका संस्थासँग समन्वय र सहकार्य गर्ने ।

(ङ) व्यक्तिगत डाटा संरक्षणको लागि आवश्यक नीति, कानुन बनाउन सिफारिस गर्ने ।

(च) डाटा उल्लघंनका घटनाको गुनासो उजुरी वा जानकारी प्राप्त भएमा सो सम्बन्धी अनुसन्धान गर्ने ।

(छ) डाटा उल्लङ्घन गरेको पाइएमा त्यस्तो व्यक्ति वा संस्थालाई कानुन बमोजिम कारवाहीको सिफारिस गर्ने ।

(ज) डाटा संरक्षण बोर्डको संरचना ऐनले तोके बमोजिम हुनेछ ।

## १३. स्रोत साधन सम्बन्धी व्यवस्थाः

### १३.१ आर्थिक पक्षः

यो नीति कार्यान्वयन गर्न सबै विषयगत मन्त्रालय र निकायले आफ्नो वार्षिक बजेटमा कार्यक्रमहरू समावेश गर्नेछन् । व्यक्तिगत डाटा सुरक्षासँग सम्बन्धित विशेष किसिमका कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारले छुट्टै कार्यक्रम र बजेटको व्यवस्था गर्नेछ ।

### १३.२ मानव संसाधन

हाल कार्यरत जनशक्तिको क्षमता विकासका लागि उच्च शिक्षा र तालिम कार्यक्रम सञ्चालन गरिनेछ । कार्यरत जनशक्तिबाट अपुग हुने आवश्यक जनशक्ति आन्तरिक श्रम बजारबाट प्राप्त गरिनेछ । आवश्यक मानव संशाधनको प्रक्षेपण गरी  थप जनशक्ति उत्पादनका लागि शैक्षिक संस्थासँग समन्वय र पहल गरिनेछ ।

### १३.३ कानुनी पक्ष

नीति कार्यान्वयनका लागि आवश्यक ऐन, नियमावली, मापदण्ड, निर्देशिका, कार्यविधि लगायतका कानुनहरु निर्माण  गरिनेछ । साथै विभिन्न प्रचलित कानुनी व्यवस्थालाई प्रस्तुत नीतिको अनुकुल हुने गरी पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन, परिमार्जन र एकीकरण गरिनेछ ।

## १४. अन्तरनीति समन्वय

यो नीति कार्यान्वयनका लागि आकर्षित हुने तथ्याङ्क ऐन २०७९, सूचनाको हक सम्बन्धी ऐन २०६४, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ लगायत सम्बन्धित अन्य नीतिसँग सामाञ्जस्यता कायम गरिनेछ ।

## १५. अन्तर निकाय/ तह समन्वय

नीति कार्यान्वयन गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सूचना आयोग, गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, ई-गभर्नेन्स बोर्ड, राष्ट्रिय तथ्याङ्क कार्यालय, सूचना प्रविधि विभाग तथा संघ, प्रदेश र स्थानीय तह लगायतका विषय क्षेत्रगत निकायहरुसँग सहजीकरण, समन्वय र सहकार्य गरिनेछ।

## १६. जोखिम

नीतिको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमलाई देहाय बमोजिम हुन सक्ने आंकलन गरिएको छ :-

(क) सूचना प्रविधिको तीव्र विकासले डाटा संरक्षणमा चुनौती थपिन सक्ने ।

(ख) गोपनीयताको हक र खुला शासनका बीचमा सन्तुलन मिलाउन कठिनाई हुन सक्ने।

(ग) अन्तर्राष्ट्रिय रुपमा डाटा गभर्नेन्स प्रक्रियामा हुने तीव्र फेरबदलसँग तादम्यता मिलाउन कठिनाई हुन सक्ने ।

(घ) दक्ष जनशक्ति व्यवस्थापनमा कठिनाइ हुन सक्ने ।

## १७. नीति अनुगमन

(क) नीति कार्यान्वयनको अनुगमनको मुख्य जिम्मेवारी निर्देशक समितिको हुनेछ ।

(ख) नीति कार्यान्वयन अवस्थाको समिक्षा गरी उचित समयमा पुनरावलोकन गरिनेछ ।

## १८. समिक्षा तथा पुनरावलोकन

यो नीतिको बार्षिक रूपमा समीक्षा तथा पुनरावलोकन गरी आवश्यकताका आधारमा परिमार्जन गरिनेछ ।